## साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः२०८०/०५/२९

प्रस्तावनाः साना सिंचाई संरचनाहरुको निर्माण तथा मर्मत सम्भार गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधाको व्यवस्थापन तथा विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्त्व वृद्धि गर्न प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्थ नलागेमा यस कार्यविधिमा;

क. **"आवेदक"** भन्नाले कार्यक्रममा प्रस्ताव पेश गरेका कृषक/कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समिति/कृषि फर्मलाई सम्झनु पर्छ ।

ख. **"कार्यक्रम"** भन्नाले साना सिंचाई कार्यक्रम सम्झनु पर्छ ।

ग. **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

घ. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

ङ. **"प्रदेश"** प्रदेश भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

च. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

छ. **"साझेदार"** भन्नाले कार्यक्रममा छनौट भएका कृषक/कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समिति/कृषि फर्मलाई सम्झनु पर्छ ।

ज. **"साना सिंचाई"** भन्नाले बढीमा २५ हेक्टर सम्म सिंचाई सुविधा दिने स-साना बाँध, छेकबार, कुलो सुधार, ह्युम पाईप, एच. डी. पी. ई पाईप, स्यालो बोरिङ्ग, पानी तान्ने पम्म, थोपा सिंचाई, स्प्रिङ्कलर सिंचाई, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी, हिउँ पोखरी आदि सम्झनु पर्छ ।

झ. **"समिति"** भन्नाले दफा ५ को उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समिति सम्झनु पर्छ ।

### परिच्छेद २
### कार्यक्रम सञ्चालन प्रक्रिया



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

**प्रस्ताव माग गर्ने:** (१) कार्यक्रम सञ्चालनको लागि केन्द्रले २१ दिनको म्याद राखी अनुसूची- १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिने तथा तेस्रो पटक ७ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

४. **प्रस्ताव संकलन:** आवेदकले अनुसूची- २ अनुसारको निवेदनका साथ सोही अनुसूचीमा उल्लेखित आवश्यक कागजात तोकिएको कार्यालयमा निर्धारित अवधिभित्र दर्ता गरिसक्नु पर्नेछ।

५. **मूल्याङ्कन समिति:** (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क. प्रमुख वा निजले तोकेको वरिष्ठतम अधिकृत | -अध्यक्ष |
| ख. प्राविधिक अधिकृत | -सदस्य |
| ग. प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| घ. अधिकृत प्रतिनिधि, सम्बन्धित शाखा | -सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्राप्त प्रस्तावहरुको अनुसूची- ३ मा उल्लेखित मूल्याङ्कनका आधारहरुमा रही मूल्याङ्कन गर्ने,

(ख) प्राप्त प्रस्तावहरुको अध्ययन तथा स्थलगत प्रमाणीकरण गरी उपयुक्त प्राथमिकताक्रम निर्धारण गरी प्रस्तावहरुको छनौटको लागि केन्द्र प्रमुख समक्ष सिफारिस गर्ने ।

(४) उपदफा (३) बमोजिम प्रस्तावको मूल्याङ्क गर्दा आवेदकले अनुसूची-४ बमोजिमका मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

६. **छनौट:**समितिबाट मूल्याङ्कन गरी सिफारिस भएका प्रस्तावहरुको छनौट सम्बन्धी निर्णय केन्द्रले गर्नेछ।

७. **कार्यक्रमको लागत र सम्झौता:** (१) दफा ६ बमोजिम स्वीकृत प्रस्तावहरुको केन्द्रले ईन्जिनियर वा सव ईन्जिनियर वा असिस्टेन्ट सव ईन्जिनियर वा सिंचाई सम्बन्धी तालिम प्राप्त कृषि प्राविधिकबाट स्थलगत सर्भेक्षण गराई लागत अनुमान तयार गर्नेछ । यसरी तयार

गरिएको लागत अनुमान अनुसूची- ५ बमोजिमको ढाँचामा स्वीकृतिको लागि केन्द्र प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गर्दा कूल अनुमानीत बजेटको बढीमा चार प्रतिशत कन्टिजेन्सी स्वरुप राख्न सकिनेछ ।

(३) दफा ६ बमोजिम छनौट भएको साझेदारलाई केन्द्रले सम्झौता गर्न आउन १५ (पन्ध्र) दिनको समयावधि दिई जानकारी गराउनु पर्नेछ । साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश प्राथमिकतामा रहेका साझेदारसँग सम्झौता गर्न सकिनेछ ।

(५) स्वीकृत लागत अनुमानको आधारमा केन्द्र र साझेदारबिच अनुसूची- ६ बमोजिमको सम्झौता गरिनेछ ।

(६) केन्द्रले अनुसूची-७ बमोजिमको साना सिचाई सम्बन्धी अभिलेख फारम राख्नुपर्नेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

८. लागत साझेदारीः कार्यक्रममा केन्द्रको अधिकतम ८० प्रतिशत वा बढीमा रु. ३ (तीन) लाख सम्मको लागत साझेदारी रहनेछ ।

९. भुक्तानी प्रक्रियाः (१) साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपश्चात सम्बन्धित प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन, बिल भर्पाइ, निर्णयको प्रतिलिपि र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि केन्द्रमा निवेदन पेश गर्नुपर्ने छ।

(२) पेश भएका कागजातहरुको आधारमा केन्द्रले स्थलगत निरीक्षण गरी मनासिब ठहरिएमा साझेदारको बैंक खाता मार्फत रकम भुक्तानी गर्नेछ ।

## परिच्छेद -४
## विविध

१०. दोहोरोपना नहुनेः यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

११. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१३. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका प्रक्रियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

## साना सिंचाई कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव माग गर्ने सम्बन्धी सूचना

कृषि ज्ञान केन्द्र, .... को आ.व. ......को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना सिंचाई कार्यक्रम सञ्चालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र तोकिएको ढाँचामा निवेदन र तपसिलमा उल्लेखित कागजात संलग्न राखी यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ ।

तपसिलः

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. कार्यक्रम मार्फत सिंचाई सुविधा विस्तार हुने जग्गाको क्षेत्रफल खुल्ने कागजात
५. संस्थागत निर्णयको प्रतिलिपि (संस्थाको हकमा),
६. प्रस्तावमा उल्लिखित एउटै प्रयोजनको लागी नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय तह/अन्य संघ संस्थाबाट सोही कामको लागी सहयोग लिए/नलिएको स्वघोषणा ।

पुनश्चः " साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" यस मन्त्रालय/ निर्देशनालय/ केन्द्र को........ वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची- २

(दफा ४ सँग सम्बन्धित)

आवेदकले पेश गर्नुपर्ने निवेदन

श्रीमान् प्रमुखज्यू
कृषि ज्ञान केन्द्र, .......।

विषयः साना सिंचाई कार्यक्रम माग गरिएको सम्बन्धमा ।

महोदय,

हामी निम्नलिखित निवेदन फाराम (क) मा हस्ताक्षर भएका व्यक्तिहरुबाट जिल्ला ........... गा.पा./न.पा. ............ वडा नं. ....... मा अवस्थित .................... सिंचाई कार्यक्रमको लागि तपसिलमा भए बमोजिमका कागजातहरु सहित यो निवेदन पेश गरेको छु/छौं ।

तपसिलः

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
२. PAN/VAT दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. कार्यक्रम मार्फत सिंचाई सुविधा विस्तार हुने जग्गाको क्षेत्रफल खुल्ने कागजात,
५. संस्थागत निर्णयको प्रतिलिपि,
६. प्रस्तावमा उल्लिखित एउटै प्रयोजनको लागी नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय तह/अन्य संघ संस्थाबाट सोहि कामको लागी सहयोग लिए/नलिएको स्वघोषणा

निवेदकको
दस्तखतः
नाम थरः
पदः
सम्पर्क नं.:
मितिः
संस्थाको छाप

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

## निवेदन फाराम (क)

## साना सिंचाईको लागि निवेदन फाराम

१. कार्यक्रम सम्बन्धी विवरण

१.१ प्रस्तावित कार्यक्रमको नाम :

१.२ कार्यक्रमको किसिम : नयाँ निर्माण/ पुरानो मर्मत सम्भार

१.३ कार्यक्रमको ठेगाना: जिल्ला .................... पालिका .................... वडा नं ......

१.४ सदस्य संख्या:

१.५ पानीको श्रोत .................. र किसिम (बाह्रै महिना/ मौसमी) :

१.६ सम्पर्क व्यक्ति:

१.७ सम्पर्क नं.:

२. सदस्यको आधारभूत विवरण

| क.सं. | सदस्यको नाम थर | ठेगाना | सम्पर्क नं. | कार्यक्रमबाट सिंचाई सुविधा पुग्ने जमिनको क्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची- ३

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### प्रस्ताव मूल्याङ्कनको आधारहरु

पुर्णाङ्क:१००

उत्तीर्णाक:५०

| क.सं. | विवरण | मूल्याङ्कनको आधारहरु | अंक |
|---|---|---|---|
| १ | पानीको श्रोत | बाह्रै महिना सिंचाईको लागी पानीको स्थायी श्रोत भएको | २० |
| | | मौसमी सिंचाईको लागि मात्र पानीको श्रोत भएको | १० |
| २ | सिंचित हुने क्षेत्रफल | २ हेक्टर भन्दा माथि | २० |
| | | १-२ हेक्टर सम्म | १५ |
| | | ०-१ हेक्टर सम्म | १० |
| ३ | लाभान्वित कृषक घरधुरी | १५ भन्दा बढी घरधुरी | २० |
| | | ५-१५ सम्म घरधुरी | १५ |
| | | ५ भन्दा कम घरधुरी | १० |
| ४ | सिंचाई संरचनाको स्थिति | सिंचाईको सुविधा नभएको जग्गामा नयाँ सिंचाई संरचना निर्माण | २० |
| | | पुरानो सिंचाई संरचनाको मर्मत सम्भार | १५ |
| ५ | बाली सघनतामा वृद्धि | १०० प्रतिशत भन्दा बढी | २० |
| | | ५०-१०० प्रतिशत सम्म | १५ |
| | | ५० प्रतिशत भन्दा कम | १० |

नोट: मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंक वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- ४

(दफा ५ को उपदफा (४) संग सम्बन्धित)

साना सिंचाई कार्यक्रमको मापदण्ड

| क्र.सं. | साना सिंचाई कार्यक्रम | न्यूनतम् शर्तहरु | कैफियत |
|---|---|---|---|
| १. | थोपा सिंचाई प्रणाली | खुल्ला जमिनको हकमा न्यूनतम् २ रोपनी वा संरक्षित संरचनाको हकमा न्यूनतम् १ रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्ने | |
| २. | स्प्रिङ्कलर सिंचाई प्रणाली | न्यूनतम् ५ रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्ने | |
| ३. | प्लाष्टिक/सिमेन्ट/हिउँ पोखरी | न्यूनतम् २ रोपनीमा खेती गरेको हुनुपर्ने र न्यूनतम् ३० हजार लिटर क्षमताको पोखरी निर्माण गर्नु पर्ने | |
| ४. | अन्य सिंचाई | न्यूनतम् १० रोपनी क्षेत्रफलमा निर्माण गरिने स-साना बाँध, छेकबार, ह्युम पाईप, एच. डी. पी. ई पाईप, पानी तान्ने पाइप, स्यालो बोरिङ्ग, कुलो मर्मत सुधार | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

श्री बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

## अनुसूची - ५

(दफा ७ को उपदफा (१) संग सम्बन्धित)

### साना सिंचाई कार्यक्रमको लागत अनुमान फाराम

| क्र.सं. | विवरण | कृषि ज्ञान केन्द्रले गर्ने कार्य (८०%) | | साझेदारले गर्ने कार्य (२०%) | | जम्मा कार्य | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |
| | प्रतिशत खर्च | | | | | | |

तयार गर्नेको दस्तखतः

नाम, थरः

मितिः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची- ६

(दफा ७ को उपदफा (५) संग सम्बन्धित)

सम्झौता- पत्र

१. यो सम्झौता-पत्र, कृषि ज्ञान केन्द्र, .................... (यस पछि पहिलो पक्ष भनिने) र ...............यस पछि दोश्रो पक्ष भनिने) बीच साना सिंचाई कार्यक्रम कार्यान्वयन प्रयोजनको लागि मात्र प्रयोग गरिनेछ ।

२. यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

३. प्रथम पक्षले लागत साझेदारीमा आधारित कार्यक्रम संचालनको लागी विनियोजित रकम रु.-- .......मध्ये .. प्रतिशत कन्टिजेन्सी हुन आउने रकम रु............ कट्टा गरी कार्य सम्पन्न भए अनुसार दोश्रो पक्षलाई बढीमा रु.........मात्र आर्थिक सहयोग प्रदान गर्नेछ ।

४. साझेदारले सम्झौता भएको मितिले १५ दिनभित्र कार्य सुरु गर्नुपर्नेछ ।

५. साना सिँचाई योजनाको निर्माण कार्य दोश्रो पक्ष आँफैले गर्नुपर्नेछ । आँफैले नगरी दोस्रो व्यक्ति वा संस्थालाई ठेक्का पट्टा दिई गराउन पाइने छैन ।

६. दोश्रो पक्षले यसै योजनाको लागि आफ्नो श्रोत बाहेक कुनै सरकारी, गैरसरकारी, संघ संस्थाबाट सहयोग प्राप्त गरेको भए स्पष्ट रुपमा कृषि ज्ञान केन्द्रलाई जानकारी गराउनु पर्नेछ ।

७. दोश्रो पक्षले काम गर्दा लागत अनुमान अनुसार गर्नुपर्नेछ साथै कृषि ज्ञान केन्द्रबाट खटिएका प्राविधिकहरुले दिएको सुझाब पालना गर्नुपर्नेछ ।

८. कार्यक्रम सम्पन्न भईसकेपछि अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्रथम पक्षले अनुगमन गरी अन्तिम बिल तयार गर्ने प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षको नाममा बैंक खातामा भुक्तानी दिइनेछ ।

९. यस कार्यक्रमको निर्माण कार्य सम्झौतामा तोकिएको समय भित्र सम्पन्न गर्नुपर्नेछ ।

१०. दोश्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

११. दोश्रो पक्षले कार्यक्रम स्थलमा कार्यक्रमको सम्पूर्ण विवरण खुल्ने र सबैले देख्ने गरी एक होडिङ्गबोर्ड राख्नु पर्नेछ ।

१२. दोश्रो पक्षले ........ गते भित्र यो सम्झौता बमोजिम सम्पूर्ण कार्य डिजाइन इष्टिमेट अनुसार पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनु पर्नेछ ।

१३. कार्यक्रम सम्पन्न भई हस्तान्तरण भइसकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोश्रो पक्षको हुनेछ ।

१४. निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा प्रथम पक्षको निर्णय नै अन्तिम मानिने छ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

१५. यस सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून अनुसार हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत :<br><br>नामः<br>पदः प्रमुख<br>कार्यालयः कृषि ज्ञान केन्द्र, .........<br>छापः | दस्तखत :<br><br>नाम :<br>पद : अध्यक्ष<br>संस्थाः<br>छापः |
| **रोहवर**<br>दस्तखत :<br><br>नाम :<br>पद :<br>कार्यालय : कृषि ज्ञान केन्द्र, ......... | **रोहवर**<br>दस्तखत :<br><br>नाम :<br>पद :<br>कार्यालय : |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची- ७

दफा ७ को उपदफा ६ सँग सम्बन्धित

साना सिँचाइ कार्यक्रम अभिलेख फाराम

(कार्यालयले भर्ने)

जिल्ला:

कार्यक्रमको नाम:

कार्यक्रमको अवधि:

आ.व.:

जम्मा खर्च रु.:

| क.सं. | कार्यक्रमको किसिम (नयाँ, पुरानो मर्मत) | ठेगाना | ल.ई. रकम रु | जम्मा खर्च रु. | | | | कार्यक्रमको स्थिति विवरण (सम्पन्न, निर्माणाधीन, संचालन हुन, बाँकी आदि) | सिंचाई हुने क्षेत्रफल (हे.) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यालयको स्वीकृत बजेट | जनसहभागिता | अन्य संस्थाबाट सहयोग रु. | जम्मा रु. | | नयाँ निर्माणबाट | पुरानो मर्मतबाट | जम्मा | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नोट: १) जनसहभागिताको कोलममा प्रतिशत समेत खुलाउने ।

२) परिवार भन्नाले एउटै घरमा बसी एउटै चुल्होमा खाना खाने सदस्यहरू (परिवारका) को समूह भन्ने बुझाउँदछ । एउटै घरमा एक भन्दा बढी परिवार पनि बस्न सक्ने हुँदा लाभान्वित परिवार संख्याको कोलममा परिवारका सदस्य संख्या उल्लेख नगरी परिवार संख्या उल्लेख गर्ने ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री